बैठक नं. 66 ✓

आज मिति २०७८ असार २८ गते सोमबारका दिन यस बेबचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ७७ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | [signature] |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | [signature] |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | [signature] |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | [signature] |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | [signature] |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | [signature] |

Scanned with CamScanner

अन्य आमन्त्रित

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. शिवलाल श्रेष्ठ, शा. अ. आठौं तह, प्रशासन तथा योजना शाखा
३. राम कुमार श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख
४. शिव लाप्चा - आर्थिक विकास शाखा
५. टिकाराम वस्नेत - पूर्वाधार विकास शाखा
६. कृष्णमणी लाप्चा - सूचना प्रविधि अधिकृत
७. भुपाल लामिछाने - स्वकीय सचिव (नगर प्रमुख सचिवालय)
८. सविता पौडेल - सामाजिक विकास शाखा

## मिति २०७८।३।२८ गतेको नगर कार्यपालिकाको ७७ औं वैठकमा छलफल भइ निर्णय भएका विषयहरु

१) कोभिड अस्थायी अस्पतालको लागि नपुग रकम भुक्तानी दिने सम्वन्धमा

२) पोषण कार्यक्रमको विषयगत शीर्षकमा बचत रकम रकमान्तर सम्वन्धमा

३) निम्न विषयहरुमा थप परामर्श दिन आवश्यक भए सो सम्वन्धी विषय

क) नगर बृत्तचित्र सम्वन्धमा

ख) आवधिक नगर योजना सम्वन्धमा

ग) नगर यातायात गुरुयोजना सम्वन्धमा

घ) खाद्यवासलात सम्वन्धमा

ङ) उत्कृष्ठ स्वास्थ्यकर्मी पुरस्कृत

च) घरमा सुन्य सुत्केरी कार्यक्रम

छ) स्थानीय तह स्वमुल्यांङकन सम्वन्धमा

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

## मिति २०७८।३।२८ गतेको नगर कार्यपालिकाको ७६ औं बैठकमा छलफल भई निर्णय भएका विषयहरु

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्र १५ शैयाको अस्पतालको रुपमा स्तरोन्नती भइ तोकिएको मापदण्ड अनुसारको नयाँ भवन निर्माण गर्न साविकको (हाल प्रयोगमा आइरहेको) पुरानो भवन भत्काउन परेको, हाल कोभिड महामारीको अवस्थामा उक्त भवनबाट दिनुपर्ने स्वास्थ्य सेवा सुचारु राख्न र उक्त भवनमा भएका फर्निचरहरु समेतको सुरक्षा व्यवस्थाका लागि तत्काल अस्थायी प्रकृतिको भवन निर्माण नगरी नहुने देखिए अनुसार उक्त भवन निर्माणमा खर्च भएको रु, २०,४८,०००।- मध्ये दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा पूर्वाधार निर्माण र कम्पाउण्ड निर्माण शीर्षकम बिनियोजित रु, १४ लाख सोही भवनमा खर्च गर्ने सहमती भई कार्य थालनी गरिएकोमा नपुग हुन जाने रकम रु, ६ लाख ४८ हजार कोभिड बिपत कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा चालु आ.व. २०७७/०७८ का लागि पोषण कार्यक्रम अन्तरगत विषयगत शाखामा विनियोजन भएको रकम मध्येबाट बचत हुन गएको रु, १,२३,५००।- अति विपन्न,सुकुम्वासी बस्ती समेत रहेको यस नगरपालिका वडा नं. ४ का सुनौलो हजार दिनका लक्षित व्यक्तिहरुलाई पोषण जन्य खाद्यान्न सामाग्रीहरु बितरण भएकोमा सो रकमान्तर कार्य स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

क) चालु आ.व.का लागि नगरपालिकाको चिनारी झल्कने भिडियो (बृत्त चित्र) तयार भई आज नगर कार्यपालिका सदस्यहरुको रोहवरमा प्रस्तुत हुँदा नगरको पहिचानसंग सम्वन्धित छुटहुन गएका कतिपय विषयहरु समावेश गरी यसको प्रचारबाट नगरको पहिचानका अतिरिक्त आन्तरिक पर्यटनहरु समेत आकर्शित हुने गरी अन्य थप विषयवस्तुहरु समेटी उक्त बृत्त चित्रलाइ पूर्णता दिन लगाई संझौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

ख) हालसम्म यस नगरपालिकामा आवधिक योजना तयार भइ नसकेको र उक्त कार्यका लागि गण्डकी प्रदेश सरकारको समेत लागत साझेदारीमा यस नगरपालिको आवधिक योजना तयार पारी आज नगर कार्यपालिका समक्ष प्रस्तुत हुँदा गण्डकी प्रदेश सरकारबाट थप विषयवस्तु समावेश गर्न निर्देशन भए अनुसार समावेश भएको देखिएकोले उक्त कार्यको लागि यस कार्यालय र संस्था बीच भएको संझौता अनुसारको रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

ग) यस नगरपालिकाको नगर यातायात गुरुयोजना तयार भइ नसकेको र उक्त कार्यका लागि चालु आ.व.मा यस नगरपालिकाबाट रकम विनियोजन भइ सो कार्य तयार पारि आज नगर कार्यपालिका समक्ष प्रस्तुत हुँदा कतिपय क्षेत्रमा संशोधन गर्न दिइएको निर्देशन अनुसार संशोधन गरी उक्त कार्यको लागि यस कार्यालय र संस्था बीच भएको संझौता अनुसारको रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

घ) यस नगरपालिका र बिजय विकास स्रोत केन्द्र बीच खाद्य वासलात सम्वन्धी विषयमा भएको संझौता अनुसार आज नगर कार्यपालिका समक्ष उक्त विषय प्रस्तुत भएकोमा प्रस्तुती अनुसारका विषयहरु आगामी आ.व. देखि क्रमशः कार्यन्वयन गर्दै लैजाने व्यवस्था मिलाइ उक्त कार्यका लागि यस कार्यालय र सो संस्थ बीच भएको संझौता अनुसारको बांकी रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

(ङ) चालु आ.व.मा यस नगरपालिका अन्तरगतका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुबाट भए गरेका कामहरुको मुल्यांङकन अनुसार उत्कृष्ठ स्वास्थ्य कर्मी र स्वास्थ्य संस्था छनौट भइ पुरस्कृतका लागि सिफारिस भए अनुसारका स्वस्थ्यकर्मीहरुलाइ दोसल्ला ओढाइ प्रशंसापत्र, मायाको चिनो र नगद पुरस्कार समेतबाट सम्मान गर्ने निर्णय गरियो ।

(च) स्वास्थ्य शाखाबाट यस नगर पालिका क्षेत्रमा एक वर्षभित्र भए गरेका घरमा सुन्य सुत्केरी कार्यक्रम सन्दर्भमा आज वडागत विवरण प्रस्तु भए अनुसार घरमा सुन्य सुत्केरी भएका वडाहरुमा यस कार्यक्रमलाइ आगामी वर्षमा समेत निरन्तरता दिइ बाँकी रहेका वडाहरुलाई जन प्रतिनिधिहरु समेतको सहयोगबाट घरमा सुन्य सुत्केरी कार्यक्रमका लागि प्रचार प्रसार गरी उक्त कार्यमा स्वास्थ्यकर्मीहरुलाइ उत्प्रेरित गर्ने निर्णय गरियो ।

छ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आ-आफ्ना पालिकाहरुमा भए गरेका गतिविधिहरुको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांङकन कार्यविधि २०७७ अनुसार यस कार्यालयबाट हालसम्म भए गरेका गतिविधिहरु मन्त्रालयले तोकिदिए अनुसारको सफ्टवेरमा प्रविष्टी गरिएको सम्वन्धीको व्यहोरा जानकारी भयो ।

गोविन्द निरौला
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner